# *ब्यापारिक वस्तुहरूको आन्तरिक ओसार पसार सम्बन्धी नियमन निर्देशिका, २०६५*

ब्यापारिक वस्तुहरूको आन्तरिक ओसार पसारमा देखिएको समस्याको समुचित व्यवस्थापन गर्दै सोको संभावित विचलनबाट हुन सक्ने राजस्व चुहावटलाई नियन्त्रण गरी पद्धतिमूलक ढंगले राजस्व संकलनमा योगदान पुऱ्याउने तथा ब्यापार सहजीकरण गर्ने उद्देश्यले मु.अ.कर नियमावली, २०५३ को नियम ६१ बमोजिम यो निर्देशिका बनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस निर्देशिकाको नाम "ब्यापारिक वस्तुहरूको आन्तरिक ओसार पसार सम्बन्धी नियमन निर्देशिका, २०६५" हुनेछ ।

१.२ यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "ऐन" भन्नाले मु.अ.कर ऐन, २०५२ सम्झनु पर्दछ ।

ख) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग र कार्यालय भन्नाले ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालयहरू समेतलाई सम्झनुपर्दछ ।

ग) "कारोवारस्थल" भन्नाले करदाताको मुख्य कारोवारस्थल, गोदाम वा शाखा समेतलाई बुझाउँछ ।

घ) "आन्तरिक ओसार पसार" भन्नाले ऐन बमोजिम मू.अ.कर लाग्ने तथा ऐनको अनुसूची १ बमोजिम कर नलाग्ने वस्तुहरूको देहाय बमोजिम स्थानान्तरणलाई सम्झनुपर्दछ ।

अ. पैठारीकर्ताले बिक्री गर्ने वस्तुको हकमा कारोवार स्थलबाट वितरक वा थोक बिक्रेताको कारोवारस्थलसम्म मालवस्तु पठाउने कार्य वा

आ. स्वदेशी उद्योगको हकमा वितरक वा थोक बिक्रेताको कारोवारस्थलसम्म मालवस्तु पठाउने कार्य वा

इ करदाताको एक कारोवारस्थलबाट अन्य कारोवारस्थलसम्म बिक्री गर्ने उद्देश्यले नभई मौज्दात स्थानान्तरण गर्ने कार्य वा

ई. वितरक वा थोक बिक्रेताले आफ्नो वस्तु खुद्रा तहमा पुऱ्याउदा गरिने खुद्रास्तरको बिक्री (Retailing) कार्य ।

ङ.) "पैठारी कर्ता" भन्नाले विदेशी मुलुकबाट नेपाल भित्र मालवस्तु ल्याउने काम गर्ने व्यक्ति । संस्था वा कम्पनी सम्झनु पर्दछ ।

च) "सार्वजनिक ढुवानी कर्ता" भन्नाले मालसामान ओसार पसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी साधनको धनी सम्झनु पर्दछ ।

३. **कर बिजक मालवस्तुको साथमा राख्नु पर्ने व्यवस्था :** परिभाषाको खण्ड (अ) र (आ) आकर्षित हुने आयात कर्ता र स्वदेशी उद्योगले मालवस्तु विक्री गरी वितरक वा थोक बिक्रेताको कारोवारस्थलसम्म ओसार पसार गर्दा जारी भएको विजक / कर विजक उक्त मालसामान ओसार पसार गर्दा प्रयोग भएको सवारी साधन (ढुवानी साधन) संगै रहनु पर्नेछ । बिजकमा सवारी साधन नम्वर, प्रापकको स्थायी लेखा नम्बर(PAN) र व्यवसाय रहेको ठेगाना (नगरपालिका/गा.वि.स., वडा नं., सडकको नाम, ब्लक नं. र टेलिफोन नं.) अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ । कर बिजक जारी गरी मालबस्तु चलान गर्नु पूर्व ऐन तथा नियम बमोजिमको बिक्रीखातामा प्रविष्टि गनुपर्नेछ ।

४. **मौज्दात स्थानान्तरण सम्बन्धी व्यवस्था :** यस परिभाषाको खण्ड (इ) आकर्षित हुने मालवस्तु ओसार पसार गर्दा यसै निर्देशिकाको अनुसूची १ मा उल्लेखित ढाँचाको मौज्दात स्थानान्तरण पुस्तिका सम्बन्धित आ.रा.का.बाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । तर परिभाषाको खण्ड (ई) आकर्षित हुने ओसार पसारमा अनुसूची २ बमोजिमको मौज्दात स्थानान्तरण पुस्तिका प्रयोग गर्नुपर्नेछ ।

५. **चलानको प्रयोग सम्बन्धी व्यवस्था :**
परिभाषाको खण्ड (इ) आकर्षित हुने करदाताले आफ्नो एक कारोवार स्थलवाट अर्को कारोवार स्थलमा मौज्दात स्थानान्तरण गर्दा अनुसूची ३ को ढाँचामा चलान बनाई मालवस्तुसाथ राख्नु पर्नेछ । यस्तो चलानको एकप्रति मालवस्तु ओसार पसार गर्नु पूर्व नजिकको आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ । चलानको एकप्रति मालवस्तु प्राप्त गर्ने कारोवारस्थलको प्रतिनिधिले दस्तखत गरी पठाउने कारोवारस्थलमा पठाउनु पर्नेछ । यस्तो चलानको प्रतिलिपी संकलन गरी सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु चलान प्राप्त गर्ने आन्तरिक राजस्व कार्यालयको कर्तव्य हुनेछ ।

खण्ड (ई) आकर्षित हुने विक्रेताले खुद्रास्तरको विक्री कार्य ( Retailing) गर्दा अनुसूची ३ बमोजिमको चलान प्रयोग गरी सो चलान अनुसूची २ बमोजिमको मौज्दात स्थानान्तरण पुस्तिकामा प्रविष्टि गरी एकप्रति मालवाहक गाडीसाथ लिएर जानुपर्नेछ । दिनभर बिक्री गरी फर्केपछि अनुसूची – २ को मौज्दात स्थानान्तरण पुस्तिकामा समेत प्रविष्टि गर्नुपर्नेछ ।

६. **ढुवानी घोषणा पत्र सम्बन्धी व्यवस्था** : मालसामानको आन्तरिक ओसार पसार गर्दा सार्वजनिक ढुवानीकर्ताले अनुसूची ४ बमोजिमको ढुवानी घोषणापत्र भरी राजश्व अनुसन्धान विभाग द्धारा तोकिएको निकायमा पेश गर्नु पर्नेछ । यस्तो घोषणा पत्रको एकप्रति सवारी साधनसंगै लिएर राख्नुपर्ने छ ।

७. **दण्ड सजाय** : यस निर्देशिका बमोजिम भए गरेको नपाइएमा ऐनको दफा २९ १(ग) बमोजिम प्रत्येक पटक रू. ५००० र लाग्ने कर समेत असूल गरिनेछ । साथै ऐनको दफा १६ बमोजिमको कारोवारको लेखा नराखेको कसूरमा रू. १०,००० जरिवाना समेत गरिनेछ ।

८. **ब्याख्या** : यस निर्देशिकाको ब्याख्या गर्ने अधिकार विभागका महानिर्देशकलाई हुनेछ ।

*अनुसूची १*

# मौज्दात स्थानान्तरण पुस्तिका

करदाताको नाम :
करदाताको ठेगाना :
स्थायी लेखा नं. :
नगरपालिका/गा.वि.स. : ब्लक :
वडा नं. : टेलिफोन नं. :

| मिति | मालवस्तुको विवरण | इकाई | परिमाण | प्राप्त गर्ने शाखा | चलान नं. |
|---|---|---|---|---|---|
| | | | | | |

*अनुसूची २*

## खुद्रा बिक्रेतालाई बिक्री गर्ने करदाताले प्रयोग गर्ने

# मौज्दात स्थानान्तरण पुस्तिका

करदाताको नाम :
करदाताको ठेगाना :
स्थायी लेखा नं. :

| मिति | माल वस्तुको विवरण | परिमाण | Retaling को क्षेत्र | सवारी साधान नं. | चलान नं. | आधिकारिक दस्तखत | फिर्ता परिमाण | कर बीजक/ संक्षिप्त कर बीजकको सि.नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

*अनुसूची ३*

# मौज्दात स्थानान्तरण गर्दा प्रयोग हुने चलान

चलान नं.

करदाताको नाम :
करदाताको ठेगाना :
स्थायी लेखा नं. :
नगरपालिका/गा.वि.स. : ब्लक :
वडा नं. : टेलिफोन नं. :

जारी मिति :

प्राप्त गर्ने शाखा/गोदामको ठेगाना : नगरपालिका/गा.वि.स. ब्लक :
प्रयोग भएको सवारी साधान किसिम : टेलिफोन नं. :
प्रयोग भएको सवारी साधान नं. :

| सि.नं. | सामानको विवरण | इकाई | परिमाण | प्रति इकाई मूल्य | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |

आधिकारिक दस्तखत :
नाम :

*अनुसूची ४*

# आन्तरिक ओसार पसार ढुवानी घोषणा पत्र

(ढुवानीकर्ताले भर्नु पर्ने)

ढुवानीकर्ताको नाम :
ठेगाना :
न.पा./गा.वि.स. वडा नं. सडक : ब्लक :
फोन नं. :
PAN दर्ता नं. :
ट्रक नम्बर :
चालकको नाम : चालकको लाइसेन्स नं. :

ढुवानी घोषणापत्र (Manifesto) क्रमसंख्या : प्रस्थान स्थान :
मिति :

| सि.नं. | बिजक/ चलान/ प्र.प.नं. | मिति | मालसामानको किसिम | अदत | ओजन | कूल मूल्य | पठाउनेको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नाम ठेगाना | PAN नं. | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

ढुवानीकर्ताको आधिकारिक व्यक्तिको : क) नाम, थर ख) चालकको दस्तखत :